प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

हल निर्माण

## ~~सवारी साधन खरिद~~ गर्ने सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६।०१।१८

यस कार्यालयको आ.व. २०७५।०७६ को स्वीकृत बार्षिक कार्यक्रम अनूसार यस कार्यालयको हल निर्माण गर्नु पर्ने भएकोले यो सूचना प्रकाशीत गरिएको छ । देहाय अनूसार इजाजत प्राप्त निर्माण व्यवसायी फर्महरुबाट सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. दरभाउपत्रको माध्यमबाट भाग लिन चाहने निर्माण व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र देहाय बमोजिमको शूल्क तिरी नगदी रसिद साथ कारोबार दर्ता, मूल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमापत्र, निर्माण व्यवसायीको ईजाजत प्रमाणपत्र, आ.व. २०७४।७५ को कर चूक्ता प्रमाणपत्रको प्रतिलिपिहरु समेत संलग्न राखी निवेदन पेश गरेमा यस कार्यालयबाट दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ । दरभाउपत्र खरिद गरि १६ औं दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा खोलिने छन् ।

२. कारणवस दरभाउपत्र बिक्रि, दर्ता तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदापछि कार्यालय खुलेको दिन क्रमशः सोही समयमा दरभाउपत्र बिक्रि, दर्ता तथा खोल्ने कार्य समेत हुनेछ ।

३. राजश्व वापत रकम तपशिल बमोजिमको खातामा दाखिला गर्नूपर्नेछ ।

   a. बैंकको नामः रा.वा. बैंक धनगढी
   b. रकम दाखिला हुने कार्यालयको नामः प्रदेश लेखा नियन्त्रक कार्यालय धनगढी
   c. कार्यालय कोड नं. ७०७३१७१०७
   d. खाता नं. क१११०३
   e. राजश्व शिर्षक नं. १४२२९

४. दरभाउपत्रदाताले निर्माण लागत मूल्य मूल्य अभिवृद्धी कर बाहेकको रकम दरभाउपत्र फाराममा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइनेछ । दरभाउपत्र फारमको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक प्रतिनिधिले सहि छाप गरी आवश्यक कागजात र धरौटी वापत सूचनामा उल्लिखित रकम प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदूरपश्चिम प्रदेश कैलालीको रा.बा. बैंक धनगढीमा रहेको धरौटी हि.नं. ४१७०५०२०००००० मा रकम जम्मा गरेको बैंक भौचर वा कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नामामा जारी भएको मान्यता मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बिड वण्ड समेतका आवश्यक कागजपत्रहरुको प्रतिलिपि सिलबन्दी दरभाउपत्र साथ पेश गर्नू पर्नेछ । सिलबन्दी खामको बाहिर पट्टी पाउनेको ठेगाना, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश धनगढी र सप्लाइ गर्ने निर्माण सेवाको ब्यहोरा सहित सिलबन्दी खाममा पेश गर्नेको ठेगानामा दरभाउपत्रदाताको नाम, ठेगाना तथा फोन नं समेत उल्लेख गर्नू पर्नेछ ।

५. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यावसाय सम्बन्धि कसूरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा घोषणा पेश गर्नूपर्नेछ ।

६. रीत नपुगी वा दरभाउपत्रदाताको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. दर्ता भएका दरभाउपत्रहरुमा दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेसिफिकेसन बमोजिम भए नभएको परीक्षणमा ग्राह्य भएका दरभाउदाताहरु वाट मात्र छनौट गरिनेछ ।

९. दरभाउपत्रसाथ पेश गरिने कागजातहरु सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पब्लिकवाट प्रमाणित गरी सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

१०. यस बाहेक अन्य कूराहरु सार्बजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ अनूसार हूनेछ ।

| क्र. सं. | ठेक्का नं. | आपूर्ति गर्नुपर्ने सेवाको संक्षिप्त विवरण | संख्या | दरभाउपत्र दस्तुर | अनुमानित लागत (भ्याट समेत) | धरौटी |
|---|---|---|---|---|---|---|
| १ | 6-0CMCM/ NCB 2075-076 | हल निर्माण | १ | १,०००।- | १९,९५,९५२.८५।- | ६०,०००।- |